## नगर कार्यपालिकाको बैठक नं. ७/२०७९/८०

आज मिति २०७९/०८/१६ गते शुक्रवार दिउँसो दिनको १:०० बजे क.उ.म.न.पा.को सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको सातौ बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।

छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-

१. नगर सरसफाई सम्बन्धमा ।

निर्णय :- उपमहानगरपालिकाको सरसफाईको लागि स्वीपर १९४ जना भाडाको ट्रेक्टर २२ थान प्रयोग हुँदै आएकोले सरसफाई कार्यलाई थप प्रभावकारी बनाउन नगरपालिकाको कार्यालयको प्रत्यक्ष रेखदेख र निगरानीमा सरसफाई सम्बन्धि कार्य हुने निर्णय गरियो ।

२. १०औं नगरसभा (हिउँदे नगरसभा) को मिति तय गर्ने सम्बन्धमा ।

निर्णय :- क.उ.म.न.पा.को १० औं नगरसभा (हिउँदे नगरसभा) मिति २०७९ पौष ११ गते सोमवार दिनको ११:०० बजे आहवान गर्ने निर्णय गरियो । साथै सबै नगरसभा सदस्यहरुलाई १/१ थान ट्रयाकसुट उपलब्ध गराउने निर्णय गरियो ।

३. वृक्षारोपण गर्ने सम्बन्धमा ।

निर्णय :- वडा नं. १४ बघवन देखि वडा नं. १८ को बंगरी पुल सम्म हुलाकी राजमार्ग र गुसा पेट्रोल पम्प देखि पावर हाउस सम्मको बाईपास बाटोको दाँया र बाँया पेटीमा वृक्षारोपण कार्य गर्नको लागि वडा नं. ६ को वडाध्यक्ष श्री राम बिश्वास ठाकुर ज्युलाई पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

४. मेलमिलाप केन्द्रलाई सक्रियताका साथ संचालन गर्ने सम्बन्धमा ।

निर्णय :- कलैया उपमहानगरपालिका भित्रका २७ वटै वडाका मेलमिलाप केन्द्रलाई सक्रियताका साथ संचालन गर्ने निर्णय गरियो ।

५. वडा नं. २३ श्री ने.रा.आ.विद्यालय, नयकाटोल बैराठपुरको कोठा मर्मत तथा फिल्डमा माटो पुर्ने आयोजनाको लागत साझेदारी सम्बन्धमा ।

निर्णय :- वडा नं. २३ श्री ने.रा.आ.विद्यालय, नयकाटोल बैराठपुरको कोठा मर्मत तथा फिल्डमा माटो पुर्ने आयोजनाको कुल लागत रु. ५०००००/- मध्ये वडा स्तरीय बजेटवाट रु. ३०००००/- र प्रधानमन्त्री रोजगार कार्यक्रमवाट रु. २०००००/- को लागत साझेदारीमा कार्य गर्ने गराउने गरि योजना स्वीकृत गर्ने निर्णय गरियो ।

६. वडा नं. १७ ब्रहम्पुरी टोलमा रहेको सार्वजनिक नर्सरीको बोटबिरुवा संरक्षण सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय :- वडा नं. १७ अन्तरगत ब्रहम्पुरी टोलमा रहेको ज.बि. २-०-० जग्गामा सार्वजनिक नर्सरी रहेको फिल्ड भएको जग्गामा बोटबिरुवाको संरक्षण तथा सो बिरुवाहरुको हाँगाहरु काट्ने तथा रेखदेख र मर्मत सम्भार तथा सो जग्गा मर्मत कार्य गर्न र साथै सानो ब्रहम्पुरी टोलको पिच बाटोको दाँया र बाँया पेटीमा भूसंरक्षण वन कार्यालयबाट अशोक बिरुवा २५० गोटा , टिक बिरुवा २५ गोटा र निम बिरुवा २५ गोटा रोपिएको हुँदा सो बिरुवाको रेखदेख, सिंचाई र मर्मत कार्य समेत गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु. १०००००/- उपलब्ध गराउने निर्णय गरियो ।

७. नेपाल जेसिसको ४९ औ महाधिवेशन कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय :- कलैया सिटी जेसिसको मिति २०७९/७/२५ को प्राप्त निवेदन अनुसार मिति २०७९ पौष ७ गते देखि १० गते सम्म हुन गईरहेको नेपाल जेसिसको ४९ औ महाधिवेशन कार्यक्रमको लागि रु. २००००/- आर्थिक सहयोग जेसिसका अध्यक्ष सन्दिप बरै हस्ते उपलब्ध गराउने निर्णय गरियो ।

८. नवप्रवर्तन साझेदारी कोषको परियोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

निर्णय :- क.उ.म.न.पा.को स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह, स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्धन गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा व्यवस्था रहेको नवप्रवर्तन साझेदारी कोषका माध्यमबाट प्रदेश तथा स्थानीय तहको सह-लगानीमा दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि. कलैया, बारा र लुमन्ती आवासको लागि सहयोग समुहको संलग्नतामा तयार भइ आएको कलैया उपमहानगरपालिकाको जीविकोपार्जनको लागि दुहुना भैंसी पालन परियोजनाको कुल लागत बजेट रु.२२९५००००/-(१००%) को प्रदेश सरकारले साझेदारी रकम रु. १४९१७५००/-(६५%) र बाँकी लागत साझेदारीको रकम रु.८०३२५००/-(३५%) लाई १००% कायम गरि सोमा क.उ.म.न.पा.ले व्यहोर्ने रकम रु.५६२२[illegible]५०/-(७०%) र दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि.ले व्यहोर्ने रकम रु. २४०९७५०/-(३०%) को साझेदारीमा प्रदेश सरकार संग तोकिएको अनुसूचीमा परियोजनाको अवधारणा पत्रको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत